प्रदेश सरकार
उद्योग कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र,ताप्लेजुङ्ग
कोशी प्रदेश

प.सः २०८१/८२

सूचना नं ०१

मितिः २०८१/०९/२९

---

बीउ बिजन बिक्री वितरण अनुमतिपत्र नविकरण सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति २०८१/०९/२९ गते

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन ललितपुरको च.नं.६४८, मिति २०८१/०९/०७ को पत्रानुसार बीउ विजन नियमावली, २०८१ को नियम १७ को उपनियम (२) मा बीउ बिजन बिक्री वितरण अनुमतिपत्र नवीकरण गर्नुपर्ने म्याद सकिएको ९० दिन भित्र नियमावलीको अनुसूची-१० बमोजिम थप दस्तुर तिरी नवीकरण गराउन सकिने प्रावधान भएको हुँदा मिति (२०८१/०७/२९) गते भन्दा अगाडी अनुमतिपत्र बहाल रही बीउ बिजन विक्री वितरण अनुमतिपत्र नवीकरण गराउन बाँकी संस्था/निकायले नवीकरण हुन नसकेको मानसिव कारण देखाई मिति २०८१/०७/२९ देखि गणना गरी थप नब्बे दिन (२०८१/१०/२९) सम्म निवेदन पेश गरेमा नवीकरण हुन छुट भएको प्रत्येक वर्षको लागि रु.२००/- र बीउ बिजन नियमावलीको अनुसूची-१० बमोजिमको राजस्व लिई बीउ बिजन नियमावली, २०८१ को नियम १६ को उपनियम (४) बमोजिम नवीकरण हुने व्यवस्था भएकोले मिति २०८१/०७/२९ भन्दा अगाडी नवीकरण गराउन बाँकी रहेका संस्था/निकायहरुले तपसिलका आवश्यक कागजात सहित बीउ बिजन बिक्री वितरण अनुमतिपत्र नवीकरण गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै, उल्लेखित अवधिभित्र समेत नवीकरण नगराईएका बीउ विजन विक्री वितरण अनुमतिपत्र खारेजीको प्रक्रियामा लगिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

१. बीउ बिजन अनुमतिपत्र समयमा नविकरण नगरेको मनासिब कारण सहितको निवेदन।

२. व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि (PAN मा बीउ बिजन व्यावसायको कारोबार खुलेको हुनु पर्नेछ)।

३. आ.व. २०८०/८१ को करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी।

४. बीउ बिजन उत्पादन तथा व्यवस्थापन तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी।

५. बीउ बिजनको बार्षिक कारोबारको विवरण (बीउ बिजन व्यवसाय दर्ता एवं अनुगमन निर्देशिका, २०७३ को अनुसूची-११ बमोजिम)।

निमित प्रमुख
शशी कुमार सिंह